२१५
२०७७।१।१८

श्री सचिवज्यू (राजस्व)
श्री प्र.प्र. (बजेट)
श्री सचिवालय, : अभिलेख

नेपाल सरकार
अर्थ मन्त्रालय

विषयः कोभिड-१९ को कारण प्रभावितहरूलाई प्रदान गरिने राहत, कर छुट तथा सुविधाहरू स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृत प्राप्त मितिः २०७७।०१।१४

१. विषयको संक्षिप्त व्यहोरा

कोभिड-१९ भाइरसको संक्रमण, रोकथाम र नियन्त्रणका लागि सरकारले समयमै उपयुक्त कदमहरु चालेका कारण कोरोना संक्रमित व्यक्तिहरुको संख्या न्यूनतम रहन सकेको छ भने संक्रमण जोखिम पनि धेरै बढ्न पाएको छैन। तथापि यस प्रयोजनका लागि चालिएको अन्तर्राष्ट्रिय सीमा नाका बन्द गर्ने र देशभित्र लकडाउनको कदमले उत्पादन र रोजगारीको प्रक्रिया अवरुद्ध भएको छ। आपूर्ति प्रणाली केही सहज भएपनि उत्पादन श्रृंखला टुट्दा श्रमिक वर्गको एवं व्यवसायीहरुको समेत आर्थिक स्थिति जटिल बन्दै गएकोले प्रभावित हुने श्रमिक तथा निम्न वर्गीय व्यक्तिको दैनिक जीवनयापनलाई सहज बनाउन तथा उद्योगी व्यावसायीहरूलाई निजहरूको उद्योग व्यवसायको संरक्षणका लागि यस अघि मिति २०७६।१२।१६ को नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय बमोजिम दिइएको राहत, करछुट तथा सुविधा को पुनरावलोकन गरी थप राहत प्रदान गर्ने व्यवस्था मिलाउन आवश्यक भएको।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः

कोभिड-१९ को सम्भावित सङ्क्रमण रोकथाम नियन्त्रण र उपचारका लागि नेपाल सरकारले घोषणा गरिएको लक डाउनले श्रमिक लगायतका निम्न बर्ग र उद्योग व्यवसायहरू प्रभावित भएका छन्। भारत लगायत दक्षिण एशियाली र अन्य विभिन्न मुलुकहरूले यसरी गरिएको लक डाउनबाट प्रभावित वर्गका लागि विभिन्न राहत कार्यक्रमहरू घोषणा गरी कार्यान्वयनमा ल्याउँदै गएका छन्। निजी क्षेत्र र आम सर्वसाधारणबाट समेत राहत माग भएको छ। नेपाल सरकारले यस अघि मिति २०७६।१२।१६ मा राहत, करछुट तथा सुविधा घोषणा गरी कार्यान्वयनमा ल्याएकोमा लकडाउनको अवधि थपिँदै गएकोले यसमा पुनरावलोकन गरी थप राहत, करछुट तथा सुविधा प्रदान गर्न आवश्यक भएको।

सचिव

नेपाल सरकार
अर्थ मन्त्रालय

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिशः

कोभिड १९ को रोकथाम, नियन्त्रण र उपचारका लागि गर्नु पर्ने कामहरू र लक डाउनका कारण अति प्रभावित हुने श्रमिक तथा निम्न वर्गीय व्यक्तिको दैनिक जीवनयापनलाई सहज वनाउन तथा उद्योगी व्यावसायीहरूलाई निजहरूको उद्योग व्यवसायको संरक्षणका लागि यस अघि कार्यान्वयन गरिएको राहत, करछुट तथा सुविधा कार्यक्रमहरु लकडाउनको अवधि बढ्दै गएकोले पुनरावलोकन गरी थप कार्यक्रमहरू घोषणा गरी कार्यान्वयन गर्न आवश्यक देखिएकोले स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट मिति २०७७।०१।१४ मा स्वीकृत प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली २०६४ को अनुसूची-१ को विषय संख्या ७ र ४१ बमोजिम यो प्रस्ताव पेश गरेको छु।

४. निर्णय हुनुपर्ने ब्यहोराः

कोभिड-१९ को कारण प्रभावित क्षेत्रहरूको लागि प्रस्ताव गरिएको देहायको राहत, करछुट तथा सुविधा स्वीकृत गरी कार्यान्वयन गर्ने ।

१. असंगठित क्षेत्रका दैनिक ज्यालादारी श्रमिक मजदूरका सम्वन्धमा

(क) असङ्गठित क्षेत्रमा कार्यरत रहि हाल रोजगारी वा काम विहीन भएका श्रमिकलाइ स्थानीय तहमा स्थानीय तह वा प्रदेश वा संघीय कार्यालयवाट सम्पादन हुने सार्वजनिक काममा लगाउने ।यसरी काम वा श्रम गराँउदा निजहरुलाइ दैनिक ज्याला नगद वा खाद्यान्नको रुपमा उपलब्ध गराउने। असङ्गठित क्षेत्रमा काम गर्ने श्रमिकलाइ प्रदान गर्ने राहत मापदण्डको सीमा भित्र रही स्थानीय तहले दैनिक ज्यालादर निर्धारण तोक्ने। काम वापतको ज्याला उपलब्ध गराउँदा स्थानीय तहले त्यस्तो परिवार पहिचान गरी लगत तयार गर्ने। राहत माग गर्ने परिवारका सदस्यलाई सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत गराउने। काममा नआउने वा नचाहने व्यक्ति राहत माग गर्न आएमा काममा आउने व्यक्तिले पाएको पारिश्रमिकको २५ प्रतिशतले हुन आउने रकम बराबरको खाद्यान्न मात्र उपलब्ध गराउने। यस सम्वन्धी विधी र प्रक्रिया तयार गरी कार्यान्वयन गर्ने र सो को लागि आवश्यक सहजीकरण र समन्वय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिलाउने ।

(ख) खण्ड (क) बमोजिम प्रदान गरिने ज्याला प्रधानमन्त्री रोजगार कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, स्थानीय तहका विकास कार्यक्रमहरु र कोभिड १९ रोकथाम, नियन्त्रण तथा उपचार कोषमा रहेको रकम समेतको परिचालन गरी यसको लागत व्यहोर्ने।

(ग) स्थानीय तहवाट वितरण गरिने राहतका लागि स्थानीय तहमा स्थापना भएका कोरोना संक्रमण रोकथाम,नियन्त्रण तथा उपचार कोषमा रहेको रकम उपयोग गर्ने । प्रदेशमा स्थापना गरिने यस प्रकारको कोषबाट पनि उक्त कोषमा रकम उपलब्ध गराउने। स्थानीय तहको कोषमा प्रदेश र स्थानीय तहवाट उपलब्ध गराइएको रकम अपुग हुने भएमा नेपाल सरकारले केन्द्रीय कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषवाट मागको आधारमा क्रमशः सम्वन्धित स्थानीय तहलाई उपलब्ध गराउने।

(घ) यस कार्यमा सहयोग गर्न चाहने गैर सरकारी लगायत संघ, संस्था वा व्यक्तिले स्थानीय तहसँग समन्वय गरी तोकेको क्षेत्रमा मात्र राहत उपलब्ध गराउने।

(ङ) राहत उपलब्ध गराउँदा गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति, बृद्धाश्रममा रहेका वृद्ध वृद्धा, बालगृहमा रहेका बालवालिका र टुहुरा बालवालिकाको लागि स्थानीय तहले संरक्षणको विशेष व्यवस्था गर्ने।

(च) राहत दावी गर्ने व्यक्तिले आफ्नो परिवारको कुनै पनि सदस्य आफ्नै स्वरोजगार नभएको, औपचारिक रोजगारीमा नरहेको र आय आर्जन गर्ने वैकल्पिक उपाय नभएको स्वघोषणा गर्नुपर्ने।

(छ) गलत घोषणा गरी राहत लिइएको पाइएमा त्यस्ता व्यक्तिवाट सरकारी बाँकी सरह असुल गर्ने, राहत पाउनु नपर्ने परिवारले राहत लिएको पाइएमा राहत दिन योग्य भनी प्रमाणित गर्ने सम्बन्धित वडा अध्यक्ष वा सदस्यलाइ समेत जिम्मेवार बनाउने।



सचिव